# सुनवर्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

डाईनियाँ, मोरङ

प.स. ०७७/०७८

च.नं. २७७

मिति:२०७७/०६/२०

श्री सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु

सुनवर्षी नगरपालिका, मोरङ

विषय: शिक्षण सिकाइ सहजीकरण गर्ने वारे

प्रस्तुत विषयमा यस सुनवर्षी नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुले नेपाल सरकारद्धारा जारी गरिएको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ वमोजिम तयार गरी पेश हुन आएको सिकाइ सहजीकरण कार्ययोजना २०७७ नगर शिक्षा समितिवाट स्विकृत भएकोले तपसिल वमोजिमको आवस्यक व्यवस्था गरी सिकाइ सहजीकरण कार्य मिति २०७७०६।२३ गतेभित्र सुरु गर्न सूचित गरिएको छ।

१ कक्षागत विद्यार्थीहरुको यकिन गरि IEMIS अद्यावधिक गर्ने।

२ विद्यार्थीहरुका हातमा पाठ्यपुस्तक तथा कक्षा १-३ को लागि अभिभावकको सहयोगमा स्वाध्ययन सामग्री उपलब्ध गराउने।

३ विद्यार्थीहरुलाई रेडियो, टि.भि., इन्टरनेटको माध्यमवाट सिकाइ तथा अध्ययन गर्न प्रोत्साहित गर्ने।

४ अभिमावक तथा सहजकर्ताको सहयोगमा घरमै स्वाध्ययन, परियोजना कार्य, अभ्यास गर्ने वातावरण तयार गर्ने।

५ विद्यार्थीहरुको सिकाइलाइ सहयोग गर्न विद्यालयले टोलटोलमा शिक्षक तथा सहजकर्ता खटाउने व्यवस्था गर्ने।

६ सिकाइका लागि एस.एम.एस. तथा फोनको प्रयोग गर्न विद्यार्थी तथा अभिंभावकलाई प्रोत्साहित गर्ने।

७ विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ ले निर्दिप्ट गरेका जुनसुकै विधि र विकल्प प्रयोग गरी यस शैक्षिक सत्रभित्र विद्यार्थीको न्युनतम सिकाइ उपलब्धि हाँसिल गराउने।

८कुनै पनि अन्य विकल्प नभए मात्र सानो समूहमा विद्यार्थीहरुलाइ सम्पर्क कक्षामा सहभागी गराउने।

९ सम्पर्क कक्षा आलोपालो गरि हप्तामा वढीमा २ वा ३ पटक मात्र सञ्चालन गर्ने।

१० सम्पर्क कक्षामा प्रति वेन्च १ जना मात्र विद्यार्थी वस्ने व्यवस्था मिलाउने।

११ यसैसाथ संलग्न स्वास्थ्य सुरक्षा मापदण्डहरु विद्यालय, अभिभावक तथा शिक्षकले अनिवार्य पालन गर्ने व्यवस्था गर्ने।

काली प्रसाद दास
प्रमुख

Scanned with CamScanner

शिक्षण सहजीकरणको सम्पर्क कक्षामा विद्यालय, शिक्षक तथा अभिभावकले पालना गर्नुपर्ने न्युनतम स्वास्थ्य सुरक्षा मापदण्डहरु

| कोरोना भाइरस संक्रमण हुँदा देखापर्ने मुख्य लक्षणहरु |
| --- |
| ज्वरो आउने |
| टाउको दुख्ने |
| रुघाखोकि लाग्ने |
| घाँटी सुख्खा हुनुको साथै श्वास फेर्न गाह्रो हुने |

विद्यालयले पालन गर्नुपर्ने स्वास्थ्य सुरक्षा मापदण्ड

१ आफ्नो सेवा क्षेत्रभित्र कोरोना भाइरसले पारेको प्रभाववारे सचेत भई नयाँ परिस्थितिप्रति सजग रहने ।

२ अभिभावक र समुदायसँग निरन्तर सम्पर्क तथा समन्वय गर्दै सिकाइ सहजिकरणको व्यवस्था गर्ने ।

३ कोरोना भाइरस देखिने कारण र सजगताका उपायवारे समुदायलाइ सचेत गराउने ।

४ वालवालिकालाइ स्वास्थ्य मापदण्ड पालना गरेर मात्र विद्यालय पठाउन अभिभावकसँग सहजीकरण तथा समन्वय गर्ने ।

५ विद्यालय, तथा समुदायमा कोरोना भाइरसको पोजेटिभ केस देखिएमा तत्काल वडाध्यक्षमार्फत शिक्षा समिति अध्यक्षलाइ जानकारी दिइ विद्यालय सञ्चालन स्थगीत गर्न सहजीकरण गर्ने ।

शिक्षकले पालन गर्नुपर्ने स्वास्थ्य सुरक्षा मापदण्ड

१ आश्विन २० सम्म विद्यालयमा शिक्षक उपस्थित भई योजनाहरु बनाउने, बाँकि पाठ्यपुस्तक वितरण गर्ने र २० गते पछि कार्ययोजनाका आधारमा सहजीकरण व्यवस्थापन गर्ने ।

२ कम्तिमा शौचालय र ट्युबवेलमा अनिवार्य साबुन पानीको व्यवस्था गर्ने ।

३ विद्यार्थीहरुलाइ सफा मास्क लगाउने तरिका सिकाइ मास्क लगाएर मात्र विद्यालय आउन अनिवार्य गर्ने र सकेसम्म सेनिटाइजर समेत व्यागमा वोकेर ल्याउन र प्रयोग गर्न प्रोत्साहित गर्ने ।

४ वालवालिकाहरुलाई साबुन पानीले कम्तिमा २० सेकेन्डसम्म मिची मिची हात धुन सिकाउने ।

५ वालवालिकाहरुलाई खोक्दा र हाच्छ्युँ गर्दा कुहिनाले ढाक्न सिकाउने ।

६ वालवालिकाहरुलाई दूरी कायम गरेर वसाइ व्यवस्थापन गर्ने र टिफिन ब्रेक नगरी सम्पर्क कक्षा समाप्त गर्ने ।

७ विद्यार्थीहरुमा कुनै शारीरिक थकान वा समस्या देखिएमा अभिभावकलाई तुरुन्त खवर गर्ने ।

८ज्वरो आएको र खोकि लागेका विद्यार्थीलाइ तुरुन्त घर पठाई घरमै वस्न सहजीकरण गर्ने ।

९ विद्यार्थी सिकाइ सहजीकरण गर्दा सकेसम्म अभ्यास कार्य, परियोजना कार्य र स्वाध्ययनमा प्रोत्साहित गर्ने ।

१० विद्यार्थीलाइ मनोवैज्ञानीक रुपले पढाइमा आकर्षित गर्ने र अभिभावकसँग परामर्स गरि विद्यार्थी सिकाइमा प्रोत्साहित गर्ने ।

१२ नेपाल सरकार र माथिल्लो निकायका नीति तथा निर्देशन वारे वुझिराख्ने र सोही वमोजिम अन्य कार्य गर्ने ।

काली प्रसाद दास
प्रमुख

Scanned with CamScanner

## अभिभावकले पालन गर्नुपर्ने स्वास्थ्य सुरक्षा मापदण्ड

१ आफ्ना वालवालिकाको स्वास्थ्य अवस्थावारे सचेत भई वालवालिका पूर्ण रुपमा ठीक भएको सुनिश्चितता भएपछि मात्र विद्यालय पठाउने ।

२ आफ्ना वालवालिकाको स्वास्थ्य र शैक्षिक अवस्थावारे विद्यालयसँग समन्वय गरिरहने ।

३ विद्यालय तथा शिक्षकले स्वअध्ययन गर्न दिएको अध्ययन सामग्रीको पढाइमा वालवालिकालाई सहयोग गर्ने ।

४ वालवालिका तथा परिवारका कोही सदस्यमा कुनै स्वास्थ्य  समस्या भएमा वालवालिकालाई विद्यालय नपठाउने ।

५ विद्यार्थीको परिवारमा वाहिरवाट कोही सदस्य तथा नाता गोता आफन्त आएका व्यक्तिहरुको कोरोना भाइरसको पि.सि.आर टेस्ट नभएसम्म र पूर्णरुपमा स्वस्थ नभएसम्म वालवालिकालाई विद्यालय नपठाउने ।

Scanned with CamScanner